म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७५ सोमबार ५ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 21 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पोखेललाई लक्ष्मीप्रसाद देवकोटा स्मृति साहित्य सम्मान

हेटौंडा, ४ कात्तिक/मकवानपुरका साहित्यकार माधवबहादुर पोखेललाई महाकवि लक्ष्मीप्रसाद देवकोटा स्मृति साहित्य सम्मान-२०८१ बाट सम्मानित गरिने भएको छ । उक्त सम्मान साहित्य संगम मकवानपुर र युगप्रकाश क्लबले संयुक्त रुपमा प्रदान गने भएको हो । आगामी १५ कार्तिकमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीका अवसरमा पोखेललाई नगद १० हजार राशीसहित सम्मान गर्न लागिएको साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिए ।

यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीकै अवसरमा मकवानपुर जिल्ला स्तरीय कविता प्रतियोगिता सञ्चालन गर्न लागेको उनले बताए । प्राप्त कवितामध्ये उत्कृष्ट १० कविता छनौट गरी छानिएका ३ जना उत्कृष्ट कविलाई जनही नगद ३ हजार रुपैयाँ र १ जनालाई नगद १ हजार प्रोत्साहन पुरस्कार प्रदान गरिने पनि अध्यक्ष बर्तौलाले बताए ।

# बागमती लोकसेवा आयोगले ७ महिनापछि पायो नेतृत्व, अध्यक्षमा श्रेष्ठ नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ बागमती प्रदेश लोकसेवा आयोगले ७ महिनापछि नेतृत्व पाएको छ । आयोगको अध्यक्षमा महेश्वर श्रेष्ठ नियुक्त भएका छन् ।

श्रेष्ठ नवलपरासी पूर्वको विनयी त्रिवेणी गाउँपालिका वडा नम्बर १ निवासी हुन् । आइतबार बागमती प्रदेश प्रमुख दिपकप्रसाद देवकोटाले श्रेष्ठलाई प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ३ को उपदफा (१) अनुसार गठित सिफारिस समितिको सिफारिसमा दफा सोही धाराको दफा ४ को उपदफा (२) बमोजिम नियुक्त गरिएको बागमती प्रदेश प्रमुख कार्यालयका कानुन अधिकृतसमेत रहेका सूचना अधिकारी प्रकाश चापागाईंले जानकारी दिए ।

उनको सपथ आज सोमबार दिउस गर्ने तयारी रहेको प्रदेश प्रमुख कार्यालयले जानकारी दिएको छ । मुख्यमन्त्रीको अध्यक्षतामा सभामुख र विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले श्रेष्ठलाई आयोगको अध्यक्षमा नियुक्त गर्न २१ असोजमै प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गर्ने निर्णय गरेको थियो ।

मुख्यमन्त्री बहादुर सिं लामा, सभामुख भुवनकुमार पाठक र विपक्षी दलको नेता शालिकराम जम्कट्टेलको ३ सदस्यीय सिफारिस समितिको निर्णयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १ कार्तिक



बिहीबार मात्रै प्रदेश प्रमुख कार्यालयमा श्रेष्ठलाई नियुक्ति गर्न सिफारिस पत्र पठाएको थियो । बुटवलस्थित लुम्बिनी प्रदेश स्वास्थ्य तालिम केन्द्रको निर्देशकमा कार्यरत रहेका श्रेष्ठ १ कार्तिक बिहीवार मात्रै सरकारी सेवाबाट अवकाश भएका थिए । उनी ११औं तह सहसचिव हुन् ।

२ मंसिर २०७६ मा गठित आयोगको अध्यक्ष सुरेशमान श्रेष्ठको उमेर हदका कारण अध्यक्ष ३ चैत २०८० बाट पदमुक्त भएका थिए । अध्यक्ष वा सदस्यको पद रिक्त निजको उमेर ६५ वर्ष पूरा भएका हुने प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ६ को (ख) मा व्यवस्था गरिएको छ । प्रदेश लोक सेवा आयोग गठनपछि यस प्रदेशमा प्रदेश निजामती सेवालगायतका कर्मचारी नियुक्तिका प्रक्रिया सुरु भएको थियो ।

पटक-पटक सरकार परिवर्तन र सत्तारुढ दलहरुबीच सहमति हुन नसक्दा ७ महिनादेखि आयोगको अध्यक्ष नियुक्ति रोकिएको थियो । निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले यसअघि नै आयोग अध्यक्ष नियुक्ति गर्ने प्रयास गरेका थिए । तर, तत्कालीन सत्ता साझेदार नेपाली कांग्रेसलगातका दलहरूबीच सहमति हुन नसक्दा उनले आयोगको रिक्त अध्यक्ष पद परिपुर्ति गर्न सकेनन् ।

बागमती प्रदेशको प्रदेश मामिला समितिले गत साउन १६ गते मात्रै प्रदेश लोकसेवा आयोगको अध्यक्ष तत्कालन नियुक्त गर्न प्रदेश सरकारलाई निर्देशन दिएको थियो । समितिले आयोगको अध्यक्ष नियुक्त गर्न ढिलाइ हुँदा प्रदेशमा कर्मचारी व्यवस्थापन तथा नियुक्ति र बढुवा प्रक्रिया प्रभावित भएको भन्ने गुनासो आएको भन्दै तत्काल अध्यक्ष नियुक्त गर्न निर्देशन दिएको हो । समितिको बैठकमा उपस्थित मुख्यमन्त्री बहादुर सिं लामाले आवश्यक छलफल र प्रक्रिया पूरा गरी लोकसेवा अध्यक्ष नियुक्तिमा तदारुकता दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था छ । श्रेष्ठलाई आयोगको अध्यक्ष नियुक्त गर्न सिफारिस भएपछि आयोगका सदस्य सुर्दशन ढकालले असन्तुष्टि जनाउँदै २ कार्तिकमा पदबाट राजीनामा दिएका थिए । कनिष्ट व्यक्तिलाई अध्यक्ष नियुक्त गर्न लागिएको भन्दै उनले प्रदेश प्रमुख देवकोटा समक्ष ११ कार्तिकबाट लागू हुने गरि राजीनामा दिएका हुन् । ६ माघ २०७६ मा नियुक्त भएका ढकालले ४ वर्ष ९ महिना काम गरेर राजीनामा दिए ।

सुरेशमान श्रेष्ठ उमेर हदका कारण पदमुक्त भएपछि ढकालले नै कार्यबाहक अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । डोर मणि पौडेल नेतृत्वको तत्कालीन नेकपा सरकारले सुरेशमान श्रेष्ठलाई अध्यक्ष, सहसचिवबाट अवकाश पाएका ढकाल र शर्मिला न्यौपानेलाई सदस्य नियुक्त गरेको थियो ।

# एएफसी यु-१७ एसियन कप छनोट खेल्दै मकवानपुरका तीन खेलाडी

बिक्रम बानियाँ

हेटौंडा, ४ कात्तिक/ एएफसी यु-१७ एसियन कप छनोटमा सहभागी हुन कतार जाने फुटबल टोलीमा मकवानपुरका तिन खेलाडी परेका छन ।

फुटबलको उर्बर भुमी भनेर चिनिने मकवानपुर बाट पछिल्लो समय नेपाली राष्ट्रिय टोलीमा मात्र नभई युथ लेभलको राष्ट्रिय टिममा समेत मकवानपुरे खेलाडीको दबदबा रहेको छ ।

जसमा गोलरक्षक बिशेष बानियाँ डिफेन्डर भुवन कामी र फरवार्ड सन्तोष गोङ्बा रहेका छन । बिशेष बानियाँ (गोलरक्षक) हेटौंडा घर भएका उनी एन्फाको युथ परियोजना अन्तर्गत न्युरोड टिम एनआरटीको युथ एकेडेमीमा रहेर प्रशिक्षण गरेका खेलाडी हुन । उनी ल्याबोरेटरी स्कुलमा कक्षा ११ मा अध्ययनरत छन ।

एक बर्ष अघि भुटानमा भएको साफ अन्डर १६ फुटबल प्रतियोगितामा पनि उनी सहभागी भएका थिए । उनी सानै देखी फुटबलमा रुची राख्थे । उनले स्कुल लेभलको प्रतिष्ठित प्रतियोगिताहरु सैनीक कप, आईजिपि कप लगाएतको प्रतियोगिताहरुमा उत्कृष्ट प्रर्दशन गरेर आफुलाई प्रमाणित गरिसकेका छन । बिशेष न्युरोट टिम एन आर टि को युथ १८ टिमको खेलाडी समेत हुन ।



हेटौंडाकै सन्तोष गोङबा (फरवार्ड) निकै मेहेनती खेलाडी हुन । उनी हेटौंडाको नारायणी कलेजमा ११ मा अध्ययनरत् छन् । एक बर्ष अघि भुटानमा भएको साफ अन्डर १६ फुटबल प्रतियोगिता र भर्खरै सम्पन्न साफ अन्डर-१७ प्रतियोगितामा महत्वपुर्ण खेलाडी हुन । स्थानीय प्रतियोगितामा आफुलाई प्रमाणित गरेका सन्तोष न्युरोट टिम एनआर टीको युथ १८ टिमको खेलाडी समेत हुन ।

भुवन कामी (डिफेन्डर) सात बर्षको उमेरमा बिजुलीको ट्रान्सफर्मरमा परेर दोस्रो जिवन पाएका उनको बाल्यकाल दुखैदुखमा बितेको छ । हेटौडा-१० भुटनदेबी रोड बस्ने भुवन पनि एन्फाको युथ परियोजना अन्तर्गत त्रिभुवन आर्मी युथ एकेडेमीमा रहेर प्रशिक्षण गरिरहेको खेलाडी हुन । उनी सैनिक स्कुलमा कक्षा ९ मा अध्ययन गर्छन ।

सानै देखी फुटबलमा रुची राख्ने भुवनले स्कुल लेभलको प्रतिष्ठित प्रतियोगिता सैनीक कपका इर्मजिङ खेलाडीको उपाधी जितेका थिए । एक बर्ष अघि भुटानमा भएको साफ अन्डर १६ फुटबल प्रतियोगिता र भर्खरै सम्पन्न साफ अन्डर १७ प्रतियोगितामा महत्वपुर्ण खेलाडी हुन । छनोटको समूह 'एफ'मा नेपाल, जापान, कतार र मंगोलिया छन् । नेपालले अक्टोबर २३ मा जापानसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । यसैगरी नेपालले अक्टोबर २५ मा घरेलु टोली कतार र अक्टोबर २७ मा मंगोलियाको संग खेल्नेछ ।

# बसामाडीबाट डाइजेपामसहित २ जना युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषधसहित मकवानपुरका २ जना युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्ने मकवानपुरढी गाउँपालिका र हेटौंडा उपमहानगरका युवक छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार प्रहरी चौकी लेबट बसामाडीबाट खटिएको प्रहरी टोलीले हेटौंडा-३ लेबटबाट नारायणगढबाट हेटौंडातर्फ आउँदै गरेको ना. ३३ प ९५७६ नम्बरको मोटरसाइकललाई जाँच गर्दा चालक मकवानपुरगढी गाउँपालिका-२ का २५ वर्षीय बुद्धबहादुर डिम्डुङ र हेटौंडा-८ कमानेका २९ वर्षीय नबिन रुम्बालाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको साथबाट लागूऔषध डाईजेपाम ४१ एम्पुल, फेनार्गन ४० एम्पुल र नुर्फिन ४० एम्पुल गरी जम्मा १ सय २१ एम्पुल बरामद गरिएको जनाएको छ । मकवानपुरमा लागूऔषध ओसारपसार गरेको आरोपमा युवा समूहका व्यक्ति धेरै पक्राउ पर्ने गरेका छन् ।

# चित्लाङमा कार्तिके नाच प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ मकवानपुरको पर्यटकीय गाउँ चित्लाङमा तीन दिनदेखि चल्दै आएको कृष्णलीलासहितको यस वर्षको कार्तिके नाच प्रर्दशन गरी समापन गरिएको छ ।

चित्लाङ माझगाउँको डबलीमा २ कार्तिक बेलुकादेखि सुरु भएको कृष्णलीलासहितको कार्तिके नाच ३ असोज विहान राँगाको बलि दिएसँगै समापन भएको हो । जात्रा भर्न आएका हजारौंको माझमा भैरवको मुखुण्डो लगाएका कालभैरवले अजंगको राँगाको बली दिएर रगत सेवन गरेका थिए । कृष्णले कंशलाई मारेको खुसीमा उनीहरुले राँगाको बलि दिएका हुन् । बलि दिएको राँगाको मासु प्रसादका रुपमा नेवार समुदायमा बाँड्ने चलन छ ।

पाटन र कीर्तिपुरबाट स्थानान्तरण भएर आएका चित्लाङका नेवार समुदायले करिब ५ सय वर्षदेखि यो जात्रा दसैंको कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि तीन दिनसम्म संचालन गर्ने गर्छन् । मेलामा बनिया र बाठो नाच पनि प्रर्दशन गरिन्छ । बनिया नाच चित्लाङको मौलिक नाच हो । माझगाउँको डबलीमा संचालन गरिएको उक्त मेलामा गणेश, भैरव, बाराही, कुमारी, महालक्ष्मी देवी नाच, लाखे, ख्याक, कवे, बाथ:, बनिया, सिकारी, सार:, नागा, महादेव नाचका साथै पौराणिक कथामा आधारित 'गुलबकावली'को नाट्य प्रस्तुति समेत प्रदर्शन गरिएको थियो ।

चित्लाङका नेवार समुदायमात्र होइन, थानकोट, बज्रवराही, मार्खु, कुलेखानी लगायतका क्षेत्रका स्थानीयबासी पनि रातभर जात्रामा बसेका थिए । वृद्धदेखि बालकसम्म जात्रामा सहभागी थिए । यो मेला पाँच सय वर्षअघि ललितपुरको पाटनबाट सापटी ल्याएको भन्ने किंवदन्ती रहेको स्थानीय निर्मल वलामीले बताए ।

सांस्कृतिक र धार्मिक स्थलको पहिचान बोकेको थाहा नगर पालिका वडा नम्बर ९ मा रहेको चित्लाङ मकवानपुर जिल्लाको एकमात्र ऐतिहासिक थलो हो । सरकारले ७ वर्षअघि चित्लाङलाई पर्यटकीय गाउँ घोषणा गरेको थियो । चित्लाङको माझ गाउँमा सम्राट अशोकले निर्माण गरेको अशोकालीन चैत्य छ । कृष्णलीला र कार्तिक नाच बर्सेनि संचालन गर्न माझगाउँका बासिन्दाले प्रति-घरधुरी २ हजार रुपैयाँ चन्दा संकलन गर्छन् । जात्रा प्रदर्शन गर्न एक महिनादेखि यहाँ तालिम दिने गरिन्छ ।

# सुपारेटार ब्यारेकमा पाँच दिने रक्षा संवाददाता अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ मकवानपुरको मध्य पृतना हेडक्वाटर सुपारेटार ब्यारेकमा रक्षा संवाददाता अभिमुखीकरण (डीसीओपी) सम्बन्धी पाँच दिने तालिमको आयोजना गरिएको छ ।

तालिमको मध्य पृतनापति उपरथी प्रदीप जंग केसीले उद्घाटन गरे ।केसीले नेपाली सेनाले गरेको कामलाई आम नेपाली जनतासमक्ष पुऱ्याउन सञ्चारकर्मीहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । उनले संचारकर्मी र नेपाली सेनाबीच समन्वय आवश्यक रहेको भन्दै सत्यतथ्य समाचार संप्रेशण गर्न आग्रह गरे ।

जनसम्पर्क तथा सूचना निर्देशक एवम् सैनिक प्रवक्ता सहायक रथी गौरवकुमार केसीले रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रममा सहभागी सञ्चारकर्मीहरुसँग अन्तरक्रिया गरेका थिए ।

कार्यक्रमको अबसरमा विगत लामो समयदेखि नेपाली सैनिक रेडियो कार्यक्रम तथा टेलिभिजन कार्यक्रम (माटोले माग्दैन आँफैले दिनुपर्छ) प्रसारण गर्ने मध्य पृतनाको जिम्मेवारी क्षेत्र अन्तर्गतका पाँच वटा एफएम रेडियो र तीन वटा टेलिभिजनका सञ्चालकहरुलाई प्रोत्साहन स्वरुप नगद तथा कदर पत्र प्रदान गरिएको थियो । टिम टेलिभिजन (मकवानपुर), अभियान टेलिभिजन (चितवन), कालिका टेलिभिजन (चितवन), रेडियो लाङटाङ (रसुवा), सेफर्ड एफएम (चितवन) रसुवा एफएम (रसुवा), रेडियो राजमार्ग (धादिङ) र रेडियो धार्दिङ (धादिङ)लाई नगद तथा कदरपत्र प्रदान गरिएको थियो ।



तालिममा मध्य पृतनाको जिम्मेवारी क्षेत्र अन्तर्गतका मकवानपुर, धादिङ, चितवन, र सुवालगायतका जिल्लाहरुबाट १५ जना संचारकर्मीहरुले सहभागिता जनाएका छन् । कात्तिक ८ गतेसम्म संचालन हुने तालिमको पहिलो दिन आइतबार मकवानपुरका अग्रह पत्रकार प्रताब विष्टले पत्रकारिताको अनुभव र पत्रकार आचार संहिताबारे प्रस्तुतीकरण दिए ।

मेजर बासु थापाले रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रमको महत्व, जनसम्पर्क तथा सूचना निर्देशनालयको जिम्मेवारी, नेपाली सेना र सञ्चार जगतसँग समन्वय लगायतको विषयमा प्रस्तुतीकरण दिए ।

सहायक चिफ स्टाफ (तालिम), प्रमुख सेनानी रन्जन कुमार कार्कीले नेपाली सेनाको परिचय, स्थापना, जिम्मेवारी श्रेत्र, सीमाको स्तम्भ, पृतनालाई प्राप्त जिम्मेवारी लगायतको विषयमा प्रस्तुतीकरण दिएका थिए । यसैगरी, संघीय रक्षा मन्त्रालयको उपसचिव (कानून) सम्झना खनालले रक्षा मन्त्रालयको कार्यक्षेत्र, रक्षा मन्त्रालयको संगठन र दरबन्दी, नेपाली सेनासँग संबैधानिक व्यवस्था, आगामी कार्यदिशा र राष्ट्रिय सुरक्षा नीतिबारे जानकारी गराएकी थिइन् ।


## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्रायः सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक ६ गते मंगलबार २२ अक्टोबर २०२४ । पञ्चमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:०९, सूर्यास्त ५:२६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# गुजारामुखी बाध्यात्मक होइन, अब रोजाइको उद्यम बन्नुपर्छ कृषि



✍जीवनाथ शर्मा

नेपालका लागि कृषि क्षेत्र कुनै समय रोजगारी र आम्दानीको प्रमुख स्रोत थियो अर्थात् अर्थतन्त्रको मेरुदण्ड र राज्यका लागि धेरै समस्याको समाधान । आज त्यही क्षेत्र परिवार देखि संसद्सम्म प्रश्नै-प्रश्न हुने तर उपयुक्त समाधान नभेटिने क्षेत्र बनेको छ । यस्तै एक प्रश्नको जड पर्गेल्ने हिसाबले 'नेपालमा जग्गा बाँझो रहने प्रवृत्तिको समाजशास्त्र' सम्बन्धी लेख प्रकाशित भएपछि थुप्रै प्रतिक्रिया प्राप्त भए । ती प्रतिक्रियामध्ये एक प्रश्न थियो–'काठमाडौं लगायत अन्य ठूला बजारको वरिपरि जग्गा भाडामा लिएर समेत बाह्रै महिना खेती गरिन्छ तर दुर्गमका उर्वर फाँटहरू किन बाँझो हुँदै गएका होलान् ?'

यो प्रश्नले सताएपछि वास्तविकता थाहा पाउन बजारको नजिक व्यावसायिक खेती गरिरहेका केही व्यवसायीलाई भेटेर बुझ्न मन लाग्यो । भेटेका मध्ये अधिकांशको आफ्नै खेतीयोग्य जमिन भएको तर व्यावसायिक खेतीका लागि आफ्नो गाउँको जग्गा छाडेर शहरको नजिक भाडामा लिएर खेती गरेको बताए । अनौठो त के छ भने ग्रामीण क्षेत्रमा वर्षमा तीन खेती हुने आफ्नै उर्वर भूमि छाडेर शहरमा जग्गा भाडामा लिएर खेती गर्ने कृषि उद्यमी भेटिए । काठमाडौंमा खेती गरिरहेका कृषि उद्यमीले त एक रोपनीको वार्षिक २६ हजार सम्म भाडामा लिएर खेती गरेको बताए ।

पछिल्लो समय तराईका केही स्थानीय सरकारसँग छलफल गर्दा भूमिको वर्गीकरण गर्न चुनौती भएको बताउँछन् । यसो हुनुको मुख्य कारण किसान नै आफूले खेती गरिरहेको सिञ्चित उर्वर भूमि कृषि क्षेत्रमा राख्न मान्दैनन् । आवास, औद्योगिक वा अरू क्षेत्रमा राख्न मरिहत्ते गर्छन् किनकि अहिले जग्गाको भाउ उत्पादकत्वका आधारमा होइन अन्य उपयोगितामा बढी छ । खेतीयोग्य जमिनको मूल्य अन्य प्रयोजनको तुलनामा ज्यादै न्यून छ किनकि उत्पादनबाट आउने आम्दानी कम छ ।

भूमि नीति २०७२ कार्यान्वयनमा ल्याउन सरकारले भूउपयोग ऐन २०७६ तर्जुमा गऱ्यो । यो ऐनको विशेषता भनेको भौगोलिकता, उपयुक्तता, वर्तमानको प्रयोग र आवश्यकताको आधारमा जमिनलाई ९ विभिन्न प्रकारमा वर्गीकरणको व्यवस्था गर्नु हो । अझ अगाडि बढेर कृषि क्षेत्रको संरक्षण गर्ने अभिप्रायले भूउपयोग नियमावली २०७९ ले भूमिलाई कृषि आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, जंगल लगायत १० वर्गमा वर्गीकरण गर्ने व्यवस्था गऱ्यो । जस अनुसार कृषि प्रयोजनका लागि तोकिएको जग्गा सम्बन्धित निकायबाट अनुमति नपाएसम्म अर्को प्रयोजनमा उपयोग गर्न बन्देज गरिएको छ । यही व्यवस्थाका कारण कृषिका लागि जग्गाको कम कर लाग्ने प्रावधानका बावजुद कृषकहरू आफ्नो जग्गा कृषि क्षेत्रका रूपमा वर्गीकृत गर्न चाहँदैनन् बरु बढी कर तिर्न तयार हुन्छन् ।

कुनै समय थियो उत्पादन कम हुने सडकले छोएका सुगम ठाउँभन्दा खेती राम्रो हुने ग्रामीण बस्तीको जग्गाको मूल्य उच्च थियो । बसाइँसराइ गर्दा सिंचाइ हुने खेतीयोग्य जमिन भएको क्षेत्र प्राथमिकतामा पर्थ्यो । गाउँको जग्गा उत्पादकत्वका आधारमा मूल्य निर्धारण हुन्थ्यो । सिंचाइ हुने र बढी उत्पादन दिने जग्गा खोसाखोस र राम्रो मूल्यमा बिक्री पनि हुन्थ्यो । आजकल त्यही जग्गा बाँझो छाडेर जीविकाका लागि शहर छिर्नेको संख्या दिनानुदिन बढ्दो छ । अहिले खेती गर्ने जग्गाको मूल्य सबभन्दा कम छ ।

अधिकांशको बसाइँसराइ क्षमताले भ्याएसम्म कृषिमा आधारित जीविकोपार्जन छाडेर गैरकृषिमा आधारित जीविकोपार्जनका लागि शहर छिर्नका लागि हुन्छ । कृषि अनाकर्षक जीविकोपार्जनको क्षेत्र बन्दै गइरहेको छ । यो प्रसंग नै काफी छ हाम्रा पछिल्ला तीन दशकका विकासका प्रयास अझ विशेषगरी कृषि क्षेत्रको विकासमा कहाँनेर कमजोरी भयो भनेर बुझ्न ।

पहिले कृषि जीविकोपार्जनको मुख्य स्रोत थियो भने अब बदलिएर गैरकृषि क्षेत्र त्यसमा पनि ज्याला प्रमुख स्रोत बन्दै गइरहेको छ । यसो हुनुको मुख्य कारण उत्पादन, उपभोग र जीविकोपार्जन प्रणालीमा आएको बदलाव हो ।

### संक्रमणमा कृषि उत्पादन प्रणाली

जतिबेला कृषि मुख्य पेशा र अधिकांश जनसंख्याको जीविकोपार्जनको स्रोत थियो तबसम्म उत्पादन र उपभोग प्रणाली निर्वाहमुखी थियो । उत्पादक आफैं उपभोक्ता थिए । बहुसंख्यक उत्पादक परिवारको आवश्यकता अनुसारको उत्पादन गर्थे र परिवारका अन्य आवश्यकता अनाजसँग साटफेर गरेर पूर्ति गरिन्थ्यो । विस्तारै बजारको प्रभाव बढ्दै जान थालेपछि परिवारका आवश्यकता कृषि उत्पादनमा आधारित भन्दा अरू हुन थाले । अब वस्तुको विनिमय वस्तुसँग साटासाट नभएर नगदमा हुन थाल्यो । यहाँसम्म सरकार र विकासे संस्थाहरूको जोड साविकको उत्पादन प्रणालीमा उत्पादकत्व बढाउने, पारिवारिक पोषणका लागि उत्पादन विविधिकृत गर्ने र सानो भाग नगद आम्दानीका लागि बजारका माग अनुसारका वस्तु उत्पादनमा सहयोग गर्नेमा हुन्थ्यो । कृषि क्षेत्रमा स-साना सुधारात्मक कार्यले राम्रै परिवर्तन भए झैं लाग्थ्यो ।

पछिल्लो दुई दशकमा नजानिंदो हिसाबले जीविकोपार्जनको स्रोतमा आम बदलाव आयो । ठूलो संख्यामा युवा रोजगारीका लागि विदेश पलायन भएपछि जीविकोपार्जनको स्रोत परिवारलाई चाहिने वस्तु उत्पादन गर्ने निर्वाहमुखी कृषिबाट नगद आम्दानी हुने ज्यालादारी हुन पुग्यो । ज्याला र विप्रेषणले जनसंख्याको ठूलो भाग गाउँबाट बजार सरायो, सँगै बजारमा गैरकृषिमा आधारित थुप्रै उद्यम र रोजगारीका अवसर सिर्जना हुन थाले । नगद आम्दानीका हिसाबले कृषि क्षेत्रभन्दा गैरकृषि क्षेत्र बढी प्रतिस्पर्धी भएपछि युवाहरू जीविकोपार्जनको लागि बढी फाइदाजनक क्षेत्रमा आकर्षित हुने नै भए ।

कृषि उत्पादन हुने ठाउँ श्रमिकको अभाव हुने गरी युवा पुस्ताले छाड्दै जाने र किनेर खानेको संख्या शहरमा बढ्दै गयो । अब खाद्य र पोषण सुरक्षाका लागि उत्पादक र उपभोक्ता जोडिदिने माध्यम बजार हुँदै गयो । अर्थात् जीविकोपार्जन र उपभोगका लागि मात्र होइन उत्पादनको वितरणका लागि पनि बजार महत्वपूर्ण हुँदै गयो ।

जीविकोपार्जन प्रणालीको परिवर्तनसँगै बजारको भूमिका बढ्दै गयो । बजारले उपभोगका वस्तुहरू देश-विदेशबाट घरघरै पुऱ्याउन थालेपछि खाद्य सुरक्षा र अन्य आधारभूत आवश्यकताका लागि जसरी भए पनि नगद कमाए पुग्ने भयो । नगद कमाउनका लागि कम जोखिम र बढी आम्दानीका क्षेत्र रोज्दै जाँदा परम्परागत उत्पादन प्रणाली कम आकर्षक देखिन पुग्यो । कृषि उत्पादनमा कृषकको वशभन्दा बाहिरका मौसम, रोग-कीरा, जंगली जनावरको आक्रमण जस्ता तत्वले बढी भूमिका खेल्न थाले, जोखिम बढे । परम्परागत उत्पादनमा बढी श्रम लाग्ने र अरू जीविकोपार्जनका विकल्पको तुलनामा कम नगद आम्दानी हुने हुनाले समाजमा कम सम्मानित हुँदै गएको देखिन्छ ।

पहिले जस्तो बाँच्नका लागि आफैं उत्पादन गर्न जरूरी नभएपछि उत्पादन गर्ने स्थानमै उपभोक्ता भइरहनु परेन र उपभोक्ताले उत्पादनको वास्तविक स्वरूप भन्दा एकदमै फरक रूपमा मात्र खाद्य वस्तुको उपभोग गर्न पाउन भए । यसरी खाद्य वस्तु उत्पादनबाट उपभोक्ताको सम्बन्ध बजारले जोडेको घुमाउरो बाहेक कुनै प्रत्यक्ष सम्बन्ध हुन सम्भव भएन । यहाँनेर उपभोग प्रणालीमा आएको परिवर्तनले उत्पादनको तौरतरिकामा परिवर्तन आउनुपर्थ्यो । अर्थात् थोरै व्यक्तिले उत्पादन गरेर धेरै जनालाई पाल्न सक्ने उत्पादन प्रणाली अवलम्बन गर्नुपर्थ्यो ।

एक त उपभोग प्रणालीमा अत्यन्त छिटो बदलाव आयो । सोही गतिमा उत्पादन प्रणाली अगाडि बढ्नका लागि आवश्यक संयन्त्र तयार नै थिएनन् । अर्कोतर्फ कृषि विकासका कार्यक्रमहरू निर्वाहमुखी कृषि प्रणाली सुधारभन्दा माथि उठ्न सकेनन् । सरकार परम्परागत कृषि प्रसारमा अल्झिरह्यो । व्यवसायीकरणको उच्चतम अभ्यास गरिरहेका देशहरूको अवस्थामा समेत कृषि क्षेत्र अन्य जीविकोपार्जनका क्षेत्रभन्दा कम प्रतिस्पर्धी देखिन्छ । संरक्षण र अनुदान विना कृषि टिकाइराख्न सम्भव देखिँदैन । यसको अर्थ सरकारको अगुवाइ विना कृषि उत्पादन प्रणालीमा रूपान्तरण सम्भव हुने कुरै भएन ।

नेपालको कृषि क्षेत्र पछिल्ला दुई दशक निर्मम संक्रमणबाट गुजारियो । कृषि विकासका प्रयास व्यवसायमुखी बनाउनेतर्फ प्रेरित त भए तर गति अति नै सुस्त भयो । अत्यावश्यक थियो व्यापक प्रणाली र संरचनागत रूपान्तरण तर हाम्रा प्रयास स-साना क्रियाकलापमा केन्द्रित भए । उद्यमतिर लैजाने प्रयास पनि अरू देशको नक्कल गर्दा न उनीहरूको जस्तै बनाउन सकियो न यहाँ पहिले भएका आधारमा टेकेर विकास भयो । पहिलेका कृषि प्रणालीका आधार भत्कँदै जाने र नयाँ नबन्ने भएपछि चरम संक्रमणको अवस्था सृजना भयो ।

जस्तो सदियौंदेखिका विकसित स्थानीय बीउ प्रणाली भत्किए तर नयाँ बनेनन् बरु आयातमा निर्भर हुनेभयो । त्यसैगरी कृषि औजार निर्माण गर्ने आरनको अवस्था सुधारेर मेसिन बनाउने कारखाना बनाउनु सट्टा बन्द हुँदै गए र महङ्गो मूल्यमा आयात गरिएका मेसिनहरू मर्मत गर्ने जनशक्ति उपलब्ध नभएर खेतबारीका कुनामा फालिएका भेटिन्छन् । अहिले हाम्रा कार्यक्रम र कार्यक्रम कार्यान्वयनको गति हेर्दा यो संक्रमण अझै लम्बिने निश्चित छ ।

### अझै समय लाग्छ उत्पादन प्रणालीको रूपान्तरणमा

विगतमा कृषि ठूलो जनसंख्याको जीविका र राज्यको आम्दानीको पर्यायवाची जस्तै भएकाले यो राज्यका अन्य प्रणालीहरूसँग अन्तर सम्बन्धित थियो र छ । त्यसैले अरू क्षेत्रबाट छुट्याएर एक्लै अगाडि बढाउन सम्भव छैन । उपभोग प्रणाली उत्पादन गरेर खानेबाट किनेर खानेमा रूपान्तरण भएसँगै उत्पादन प्रणाली पनि निर्वाहमुखीबाट बजारको माग अनुसार बेच्नका लागि गरिने व्यावसायिकमा रूपान्तरण हुनुपर्ने हो, तर भएन । प्रत्येक प्रणाली रूपान्तरणका लागि यसले आफ्नो विकासको उच्चतम बिन्दु (टिपिङ पोइन्ट) हासिल गर्नुपर्छ । विश्वव्यापी पूँजीवादी अर्थ राजनीतिक व्यवस्थाले हाम्रो जीविकोपार्जन प्रणालीमा छिट्टै उच्चतम बिन्दुमा पुऱ्याएर रूपान्तरण गरेसँगै उपभोग प्रणाली पनि रूपान्तरण भयो तर उत्पादन प्रणाली यसको उच्चतम बिन्दुमा पुग्न पाएन । फलस्वरूप व्यावसायिकमा रूपान्तरण हुन समय लागेर जबर्जस्त संक्रमणको अवस्था भोगिरहेको छ ।

कृषि व्यावसायिक हुनका लागि उत्पादनबाट नाफा आर्जन हुन जरूरी छ । त्यो नाफा सोही लगानीमा उपलब्ध अन्य जीविकोपार्जनका स्रोतको तुलनामा प्रतिस्पर्धी हुनुपर्छ । अन्य कृषक भन्दा बढी उत्पादन गरेर आम्दानी गर्दैमा पुग्दैन । कृषिजन्य उपजमा नाफा हुने गरी खेती गर्न व्यवसायीले ठूलो क्षेत्रफलमा उन्नत उत्पादन प्रविधि र साधन प्रयोग गरेर बजारको माग अनुसारको बाली लगाउनुपर्छ । संरचना र प्रणालीका हिसाबले व्यावसायिक उत्पादनका यी सबै पक्ष निर्वाहमुखी उत्पादन प्रणालीको उच्चतम विन्दुमा नपुगेरै उपभोग र जीविकोपार्जन प्रणालीमा आएको बदलावले जबर्जस्त व्यावसायिक उत्पादन प्रणालीमा तानिएको देखिन्छ ।

पछिल्लो समय जग्गा बाँझो रहने प्रवृत्ति बढे पनि एकै ठाउँमा नभएर खण्ड-खण्ड रूपमा बाँझो रहेको छ । अझै पनि उत्पादनको ठूलो हिस्सा साना तथा निर्वाहमुखी किसानबाट आउँछ । अर्को कुरा जग्गा बाँझो रहँदैमा सबै गयल जग्गावालले व्यावसायिक खेती गर्ने किसानलाई उपलब्ध गराउँछन् भन्ने छैन । जग्गा व्यवसायीलाई उपलब्ध गराउने हिसाबले न कानुन छ न त अभ्यास नै परिपक्व ।

व्यावसायिक उत्पादनका लागि सीमित किसानको पहुँचमा आवश्यक परिणाममा जग्गा हुनुपर्छ । भूमिसुधार ऐन २०२१ तत्कालिक समयमा क्रान्तिकारी नै थियो किनकि त्यो समय कृषि मात्र जीविकोपार्जनको स्रोत र आफैं उत्पादन नगरे भोकै हुनुपर्ने अवस्था थियो । सीमित जमिनदारको नियन्त्रणमा रहेको जग्गा ठूलो संख्याका साना उत्पादकको हातमा पुऱ्याउन त्यो ऐनले ठूलो भूमिका खेल्यो । त्यसपछिका चार दशकमा उत्पादन र उत्पादकत्व बढाउनुका साथै ठूलो संख्याका उत्पादकले उत्पादनका साधनमा स्वामित्व प्राप्त गरे । तर समय उस्तै रहेन । पछिल्लो दुई दशकमा उपभोग र जीविकाका तरिकामा अनेकौं परिवर्तन भए । उत्पादनबाट विमुख भइसकेका ठूलो संख्याका परिवारलाई घट्दो संख्याका उत्पादकले उत्पादनबाट पाल्नुपर्ने भयो । त्यसका लागि सोही अनुसारको उत्पादनको तरिका अपनाउन जग्गा एकगठ गरेर व्यावसायिक उत्पादन प्रणालीमा जानुपर्ने अवस्थामा धेरै परिवारको स्वामित्वमा थोरै जग्गा हुनु असान्दर्भिक हुन पुग्यो ।

हुनत यो भूमि अधिकार आन्दोलनको विपक्षमा जस्तो देखिन सक्छ । तर राज्यले हरेक सेवासुविधा भूमिको स्वामित्वसँग जोडेकाले यस्तो भएको हो । उत्पादनका लागत र प्रविधि पनि व्यवसायीकरणको आकांक्षा र आवश्यकता अनुसार विकास भएनन् । व्यावसायिक उत्पादनका लागि पर्याप्त सिंचाइ उपलब्ध हुनुपर्छ । तर हाम्रोमा पानीको स्रोत उपलब्ध भए पनि व्यवसायीकरणका आवश्यकता अनुसार सिंचाइका पूर्वाधार बनेनन् । उत्पादन बढाउनको लागि अर्को अनिवार्य आवश्यकता भनेको उन्नत बीउ हो । हामीले न त रैथाने जातहरूको उत्पादकत्व बढाउन सक्यौं न आवश्यकता अनुसारको उन्नत र वर्णसंकर नै विकास गर्न सकियो ।

त्यसैगरी निर्वाहमुखी कृषि प्रणालीका लागि औजार बनाउने आरनहरू सुधारेर उन्नत बनाउनेतिर लागिएन । बरु मित्रराष्ट्रको सहयोगमा स्थापना भएको कृषि औजार कारखाना समेत सुधार्दै लैजानुपर्नेमा बन्द हुन पुग्यो । अन्य उत्पादन प्रविधि समेत हामीसँग जे छ त्यसैलाई उन्नत गर्न लागिएन । फलस्वरूप व्यवसायीकरणका नाममा बीउ, मल, औजार र प्रविधि जबर्जस्त भित्र्याउनुलाई कृषिमा व्यवसायीकरण परिभाषित गरेर उत्पादन प्रणाली पराधीन बनाउँदै लगियो । यसकारण निर्वाहमुखी उत्पादनका तरिकामा पर्याप्त पूर्वाधार र क्षमता नपुगिकन अर्थात् विकासको उच्चतम विन्दुमा नपुग्दै उपभोग र जीविकोपार्जन प्रणालीमा जबर्जस्त रूपान्तरण हुनुपर्ने बाध्यता बनेको हो । यही बाध्यताले पारिस्थितिक प्रणालीमा आधारित एकीकृत कृषि उत्पादनका अभ्यासहरू छाडेर नक्कल गरिएको व्यावसायिकता हाँस न कुखुराको चालमा अगाडि बढ्दैछ ।

जतातत्तै समस्यै समस्या सिर्जना भएको छ भने समाधान कहाँनेरबाट सुरुवात हुन्छ कसैलाई थाहा छैन । परिणामस्वरूप यस क्षेत्रमा कृषक, विज्ञदेखि सरकारसम्म सबैका प्रश्नैप्रश्न छन्, चित्तबुझ्दो जवाफ कसैसँग छैन । बजार प्रणालीको अवस्था पनि त्यस्तै छ । निर्वाहमुखी खेती प्रणालीमा उत्पादन हुने इलाकामै खपत हुने भएकाले न बजारका लागि उत्पादन हुने भयो न त खरिद गरेर खाने उपभोक्ता नै । यस्तो प्रणालीमा बजार संयन्त्र बन्ने कुरै भएन । बजारीकरणको संयन्त्र नभएकाले नै यस आलेखको सुरुवातमा भने जस्तो कृषि उद्यमी बन्नका लागि गाउँको उर्वर भूमि छाडेर बजार संयन्त्र बनेको क्षेत्रमा महँगो भाडा तिरेर व्यावसायिक खेती गर्न आउनु परेको हो ।

छोटो समयमा किनेर खानेको संख्या बढेपछि स्थानीय उत्पादन र बजार प्रणाली विकास गर्नुभन्दा जहाँ उत्पादन, संकलन र वितरण संयन्त्रको विकास भएको छ उतैबाट खरिद गरेर बेच्न सजिलो हुनेभयो । त्यसैले त केही किलोमिटर टाढाका छरिएर रहेका अर्ध व्यावसायिक किसानले उत्पादन गरेको उत्पादन संकलन र मूल्य अभिवृद्धि गरेर बेच्नुभन्दा बाहिर तयार रहेको खाद्यवस्तु खरिद गरेर बेच्न सजिलो भयो । अझ विश्व व्यापार संगठनले खुला व्यापार अनिवार्य गरेपछि त आगोलाई घ्यू जस्तै भयो । यी यावत् कारणले उत्पादन प्रणाली व्यावसायिक खेतीमा रूपान्तरण हुनका लागि परिपक्व भएको छैन । अघिल्लो उत्पादन प्रणालीले उच्चतम विन्दु हासिल पनि गरिसकेको छैन । यो एकप्रकारको संक्रमणको अवस्थामा छ ।

### कसरी रूपान्तरण गर्ने त ?

औद्योगिक क्रान्तिको सुरु गर्ने देशमा कृषि क्षेत्रमा संरचनागत रूपान्तरण भई व्यावसायिक उत्पादनमा जाँदा भएको लुप्त (ल्याटेन्ट) परिवर्तनले ठूलो संख्यामा बेरोजगारी सृजना भएर उक्त जनशक्ति जीविकोपार्जनको वैकल्पिक स्रोत खोज्न लाग्यो परिणाम स्वरूप औद्योगीकरण संभव भएको थियो । हाम्रो अवस्था फरक छ, विकसित मुलुकको औद्योगीकरणले ठूलो मात्रामा श्रमिक आकर्षण र सोबाट आउने विप्रेषणले देशभित्र उपभोग र जीविकोपार्जनका तरिकामा परिवर्तन ल्याउँदा परम्परागत गुजारामुखी खेती अनाकर्षक भएको हो ।

लेनिनले भने झैं निर्वाहमुखी र साना किसान (पिसान्ट) निरन्तर घट्दो वर्ग हो । त्यो वर्ग या त व्यावसायिक कृषकमा रूपान्तरण हुन्छ या त जीविकोपार्जनको क्षेत्र विविधिकृत गरेर गैरकृषि क्षेत्रमा लाग्छ । अर्को कुरा कृषि छोडिसकेको परिवार फर्केर खेती गर्न कमै आउँछ, आए पनि व्यावसायिक उत्पादनमा मात्र आउँछ । यसको मतलब जीविकोपार्जनका अन्य क्षेत्रमा भएको समय, श्रमिक र प्रति इकाई लागतमा उत्पादकत्व बढाउने औद्योगीकरण जस्तै 'व्यवसायीकरण' कृषि रूपान्तरणको निर्विकल्प उपाय हो भने हाम्रो भौगोलिक, आर्थिक, राजनीतिक र सामाजिक अवस्थितिमा व्यवसायीकरण गर्ने तरिकाको पहिचान गर्नु नै उपयुक्त बाटो हो । यसो भनिरहँदा व्यावसायिक उत्पादन प्रक्रियामा रसायनको प्रयोगलाई निर्विकल्प ठान्ने भाष्यको खण्डन गरेर रसायनको उपयोग अन्तिम विकल्प मात्र हो र प्राङ्गारिक उत्पादन पनि व्यावसायिक हुन्छ भन्ने शर्त सहित विषय अगाडि बढाउन उपयुक्त ठान्छु ।

त्यसैले कृषिमा अब टालटुले सुधार होइन रूपान्तरण जरूरी छ । रूपान्तरण गर्ने भनेको उत्पादन प्रणालीलाई परिवर्तित जीविकोपार्जन र उपभोग प्रणाली अनुसार विकास गर्ने हो । कृषि परम्परा वा संस्कृति होइन, उद्यम बनाउने हो । उद्यम हुनका लागि बजारले मागे अनुसारको उत्पादन हुनुपऱ्यो, उत्पादनको बिक्रीमा नाफा हुनुपऱ्यो र नाफाको केही अंश उत्पादन बढाउनका लागि पुनरुत्पादनका लागि लगाउनुपऱ्यो ।

नाफा हुने गरी उत्पादन गर्नका लागि धेरै शर्त हुन सक्छन् । मुख्य कुरा त धेरै मानिसको खपतका लागि थोरै मानिसले ठूलो स्तरमा उत्पादन गर्नु आवश्यक भयो । उत्पादन गर्दैमा पुग्दैन, उत्पादन एकीकृत भएर बजारमा आउने गरी एउटै क्षेत्रमा उत्पादन हुनु आवश्यक भयो । एकै ठाउँमा फरक प्रकृतिका बाली उत्पादन हुँदा फरक संरचना, फरक सीप र प्रविधिको आवश्यक पर्ने भएकोले एउटा उत्पादन क्षेत्रमा उस्तै प्रकृतिका उत्पादन, प्रशोधन, भण्डारण तथा वितरण प्रविधि र संरचना आवश्यक हुने बाली लगाउनुपर्ने भयो । यसका लागि हाम्रो अहिलेका केही सफल अभ्यासलाई अझ परिमार्जित गरेर अभियानका रूपमा अगाडि बढ्न ढिला भइसकेको छ । केही उच्च पहाडी जिल्लामा स्याउ, सप्तरी सिरहामा आँप, कैलालीको केरा उत्पादन, चितवन लगायत व्यावसायिक तरकारी उत्पादन जस्ता साना तर सफल प्रयासलाई देशव्यापी बनाउँदा पनि धेरै सफलता मिल्छ ।

यस्ता प्रयासलाई देशव्यापी र सयौंका संख्यामा बाली तथा पशुपक्षीमा कार्यान्वयन गर्दा अहिलेको कृषि प्रसारमा केन्द्रित टालटुले प्रयासले हुँदैन, अपरेसन नै गर्नुपर्ने अवस्था छ । नीति र संरचनामा आमूल रूपान्तरण नभएसम्म सम्पूर्ण कृषिलाई रूपान्तरण गरेर कृषि उद्यम बनाउन सम्भव छैन । यसका लागि सुरुवात भनेको भौगोलिक अवस्था, माटो, स्थानीय हावापानी, स्थानीयको सीप तथा जीविकोपार्जन आवश्यकता, बजार माग आदिका आधारमा बाली पकेट क्षेत्रको पहिचान गरी विकास गर्नु हो ।

अहिलेको कृषिलाई उद्यम कृषि बनाउनका लागि मुख्य समस्या भनेको भूमिको वितरण हो । आज जीविकोपार्जनका धेरै विकल्प भएकाले खेती छोडेर गैरकृषि जीविका सुरु गर्ने परिवार त ठूलो संख्यामा छ तर खेती गरिने जमिनको स्वामित्वमा परिवर्तन आएको छैन । वास्तविक खेती गर्ने किसानको उर्वर भूमिमा पहुँच र नियन्त्रण छैन भने गयल किसानको हातमा भूमि छ । यसो हुनुको कारण भूमिलाई अझै पनि भरपर्दो पूँजी मानेर भूमिमा स्वामित्व राखिराख्नुलाई सुरक्षित भविष्यको रूपमा लिनु हो, त्यसैले त जग्गा बाँझो रहने प्रवृत्ति बढ्दो छ । (साभार: अनलाइनखबर)

# बजेट खर्च मार्गदर्शनले मधेशमा पूँजीगत खर्च ठप्पै, पछि हट्यो सरकार



जनकपुरधाम/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिक (साउन, भदौ र असोज) सकिंदा मधेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले एक रुपैयाँ पनि विकास बजेट खर्च गर्न सकेको छैन ।

पूँजीगततर्फ २ अर्ब ६४ करोड २४ लाख र चालुतर्फ ३४ करोड ३३ लाख रुपैयाँ पाएको यो मन्त्रालयले कर्मचारीको तलबभत्ता बापत २ करोड ४६ लाख रुपैयाँ मात्र खर्च गरेको छ । अर्थ मन्त्रालयले बजेट प्रणाली पीएलएमबीआईएसमा पूँजीगत बजेट नखोल्दा र खरिद योजना स्वीकृत नगर्दा खर्च गर्न नसकेको पर्यटन मन्त्रालयका निमित्त सचिव सुशीलकुमार साहले बताए ।

उनका अनुसार अर्थ मन्त्रालयले १६ शीर्षकमध्ये घुम्ती शौचालय शीर्षकको खरिद योजना मात्र केही दिनअघि स्वीकृत गरेको छ । 'पीएलएमबीआईएसमा पुँजीगत बजेट अहिलेसम्म लक छ । धेरै खरिद योजना पेश गरेका छौं । केही दिनअघि शौचालयको मात्र स्वीकृत भएको छ । त्यही कारण पुँजीगत बजेट खर्च गर्न सकेनौं', उनले भने ।

४ अर्ब ७४ करोड पुँजीगत बजेट पाएको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले पनि पहिलो त्रैमासमा एक रुपैयाँ पनि खर्च गर्न सकेको छैन । चालु तर्फ ४३ करोड ३१ लाख १९ हजार बजेट विनियोजन भएकोमा कर्मचारीको तलबभत्तामा ४ करोड १३ लाख १३ लाख २४ हजार ३१० रुपैयाँ खर्च गरेको छ ।

ऊर्जामन्त्री शेषनारायण यादव प्राविधिक कारणले पुँजीगत बजेट खर्च हुन नसकेको बताए । 'पीएलएमबीआईएस खुलेकै थियो । तर खरिद योजनाहरु विभिन्न निकायबाट नआउँदा काम हुन सकेन । आजदेखि काम अगाडि बढ्छ', गत शुक्रबार उनले संचारकर्मीसँग भने ।

ऊर्जा मन्त्रालयका एक कर्मचारी भने बिहीबार १२ बजेसम्म पीएलएमबीआईएसमा पुँजीगत बजेट लक नै रहेको बताउँछन् । यीबाहेक पहिलो त्रैमासमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह सञ्चार तथा कानुन मन्त्रालयले पनि पुँजीगत बजेट खर्च गर्न सकेको छैन । प्रदेशसभा, प्रदेश नीति तथा योजना आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय लगायतले पनि पुँजीगत बजेट खर्च गर्न सकेका छैनन् ।

सबैभन्दा बढी १२ अर्ब ६८ करोड ९० लाख ११ हजार पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय पहिलो त्रैमासमा ६ लाख ५७ हजार ९९८ रुपैयाँमात्र खर्च गर्न सकेको छ । यस्तै भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयको २ अर्ब २४ करोड ४७ लाख ७ हजार बजेट रहेकामा ४ लाख ७४ हजार ९ सय खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयको १ अर्ब १५ करोड ३६ लाख ५४ हजार बजेट रहेकामा १७ लाख ९९ हजार ७३३ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

शिक्षा तथा समाज कल्याण मन्त्रालयमा १ अर्ब ७५ करोड ८० लाख २० हजार पुँजीगत बजेट रहेकामा ८८ लाख ६१ हजार ८०५ रुपैयाँ खर्च गरेको छ । प्रथम त्रैमासमा शिक्षा मन्त्रालयले नै सबैभन्दा बढी खर्च गरेको छ । यस मन्त्रालय विभाजन भएर शिक्षा तथा संस्कृति र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनेपनि बजेट बिगतकै मन्त्रालयको नामबाट रहेको लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

यस्तै श्रम तथा यातायात मन्त्रालयको ३४ करोड ९५ लाख ३५ हजार पुँजीगत बजेट रहेकामा ४ लाख ९९ हजार ८०० खर्च गरेको उल्लेख छ । यी मन्त्रालयहरु गरेर जम्मा १ करोड २२ लाख ९४ हजार २३६ रुपैयाँ मात्र बजेट खर्च गरेको हो । मधेश सरकारले चालु आर्थिक वर्षमा ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको थियो । जसमा चालुतर्फ १६ अर्ब ७ लाख र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार विनियोजन छ ।

तर प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार कुल पहिलो त्रैमासमा १ करोड २२ लाख रुपैयाँ मात्र खर्च भएको छ । यस्तै चालुतर्फ ८४ करोड २५ लाख ३५ हजार ५९९ रुपैयाँ १४ पैसा अर्थात् ५.४८ प्रतिशत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

यसरी हेर्दा पहिलो त्रैमासमा मधेश सरकारले पदाधिकारी र कर्मचारीको तलब भत्तामा मात्र बजेट खर्चा गरेको छ । मुख्यमन्त्री सतिशकुमार सिंहले विगतका वर्षमा पनि पहिलो त्रैमासमा तलबभत्ता बाहेक केही खर्च नहुने गरेको बताए । 'असोज १५ गतेसम्म सरुवाकै समय रहन्छ । दुईवर्ष पुगिसकेका कर्मचारी सरुवा भएर जानै छ, किन काम गरुँ भन्ने मानसिकतामा हुन्छन् । कर्मचारीको यस्तो मनस्थितिले पनि बजेट खर्च पहिलो त्रैमासमा हुँदैन', मुख्यमन्त्री सिंह भन्छन् ।

पुँजीगत खर्च नहुनुमा अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे मार्गदर्शनको ४० नम्बर बुँदालाई पनि कारण मानिएको छ । जसमा बहुवर्षीय खरिद प्रक्रिया पूरा गरी कार्यान्वयनमा रहेका आयोजनाबाहेक १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको छ । पूर्वस्वीकृति नलिएसम्म मन्त्रालयहरुको पुँजीगत बजेट पीएलएमबीआईएसमा लक हुन्छ ।

विगतमा मधेश सरकारको बहुसंख्यक योजनाहरुको काम उपभोक्ता समितिबाट हुने गरेको थियो । तर त्यसक्रममा आयोजना किनबेच हुने गरेको व्यापक जनगुनासो छ । यसलाई रोक्न १ असारमा सतिशकुमार सिंह नेतृत्वको सरकारले ल्याएको बजेट वक्तव्यको १४७ नम्बर बुँदामा विकास निर्माणका कामहरु खुल्ला प्रतिस्पर्धाबाट गराउने उल्लेख छ ।

यही बुँदा कार्यान्वयन गराउन अर्थ मन्त्रालयले बजेट खर्च मार्गदर्शनमा खरिद योजना बनाई पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो । खरिद योजना बनाई पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थाले पुँजीगत खर्च चुनौतीपूर्ण बनेको कर्मचारीहरुको गुनासो छ । 'पहिलो त्रैमासिकमा पुँजीगत बजेट खर्च नहुनुमा अर्थ मन्त्रालय र उसले जारी गरेको खर्च मार्गदर्शन बाधक बनेको हो । यस्तै लफडा गर्ने हो भने विगत भन्दा धेरै बजेट फ्रिज हुन सक्छ', एक मन्त्रालयका अधिकृतले भने ।

**पछि हट्यो सरकार**

खर्च मार्गदर्शनबाट उपभोक्ता समितिलाई लगाम लगाउन र आर्थिक सुशासन पालना गराउन अघि बढेको सरकार खर्च चुनौतीले अन्ततः यसबाट पछि हटेको छ । खर्च मार्गदर्शनको बाधा फुकाउन मधेश सरकारले १३ असोजमै मन्त्रिपरिषदबाट निर्णय गरिसकेको छ ।

'मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरुले खरिद प्रक्रिया अपनाउँदा सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ तथा खरिद सम्बन्धी प्रचलित कानुनमा उल्लिखित विधि र प्रक्रिया अनुसार गर्ने' मन्त्रिपरिषदको निर्णयमा उल्लेख छ ।

निर्णयसहितको पत्र कार्यान्वयनका लागि मुख्यमन्त्री कार्यालयले मन्त्रालयहरुमा १३ असोजमै पठाइसकेको छ । बजेट खर्च मार्गदर्शनको ४० नम्बर बुँदाको बाधा फुकाउन सबै मन्त्रालयको पीएलएमबीआईएस खोलिदिन अर्थमन्त्रीलाई निर्देशन दिइसकेको मुख्यमन्त्री सिंहले बताए । तर, मन्त्रालयहरुको पीएलएमबीआईएसको पुँजीगत बजेट बिहीबारसम्म पनि लक नै राखेको कर्मचारीहरुले बताएका छन् ।

अर्थमन्त्री सुनिलकुमार यादवले खर्च मार्गदर्शनको बाधा व्यवधान मिलाउने काम भइरहेकाले अब खर्चले गति लिने बताए । 'बाधक केही होइन । सबै मिलाउने काम भइरहेको छ । अब काम गतिमा अगाडि बढ्छ', अर्थमन्त्री यादवले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूर्ण बहादुरको सारङ्गी' : ट्रेलर ट्रेन्डिङमा, प्रतिक्रिया अब्बल

काठमाडौं/गन्धर्व समुदायको कथामा आधारित भएर बनेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी' यही कात्तिक १५ गते लक्ष्मीपूजाबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । 'काँधेकुरी' गीत रिलिजपछि चर्चामा रहेको फिल्मले गत बिहीबार सार्वजनिक ट्रेलरबाट पनि राम्रो 'हाइप' निर्माण गरेको छ । युट्युबमा ट्रेलरलाई आकर्षक भ्यूज मिलेको छ भने प्रतिक्रिया पनि सकारात्मक प्राप्त छ ।



युट्युबको फिल्म सेक्सनतर्फ ट्रेन्डिङको छैटौं नम्बरमा रहेको ट्रेलरलाई साढे ६ लाख बढीले हेरिसकेका छन् । यसले फिल्मप्रति दर्शकको उत्साह बोल्छ । ट्रेलर हेरेर प्रतिक्रिया जनाउनेको संख्या भने १४ सय बढी छ । र, अधिकांशले फिल्मको कथावस्तु र अभिनेता विजय बरालको अभिनयको प्रशंसामा शब्द खर्चिएका छन् । प्रायःले फिल्मको कथावस्तुलाई अर्गानिक भनेका छन् ।

सारङ्गी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायले पुर्ख्यौली पेशा धानेर बस्दा भोग्नु परेको विभेद, समाजका कथित माथिल्लो वर्गले गरेको शूद्र व्यवहार, थिचोमिचो सहेर गन्धर्व समुदायले बाँच्नु परेको जीवन, आर्थिक अभावका कारण गन्धर्व समुदायमा शिक्षाको अवस्थालाई ट्रेलरले मर्मस्पर्शी रुपमा देखाएको छ । विजय बरालको अभिनय ट्रेलरमा सशक्त लाग्छ । उनले बोलेका केही संवाद मनछुने छन् । ट्रेलरलाई प्राप्त प्रतिक्रिया हेर्दा फिल्मप्रति दर्शकको चासो बढेको प्रष्ट देखिन्छ ।

पछिल्लो समय 'पूर्ण बहादुरको सारङ्गी' शैलीका फिल्मले व्यापारिक सफलता हासिल गरिरहेकाले यसले पनि राम्रो व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । त्यसमाथि तिहारमा फिल्मलाई सोलो रिलिजको अवसर मिलेको छ । बलिउडबाट दुई ठूला सिरिज फिल्म 'सिंघम ३' र 'भूल भूलैयाँ ३' आउन लागेको भए पनि प्रतिस्पर्धामा नेपाली फिल्म छैनन् । यसैले 'वर्ड अफ माउथ' राम्रो भएको खण्डमा फिल्मले तिहार विदाको फाइदा उठाउन सक्छ ।

सरोज पौडेलको लेखन तथा निर्देशनमा बनेको फिल्ममा विजयसहित प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, आलिस बास्तोला, स्वायम् केसी, जान्वी पौडेल लगायतको अभिनय छ । विनोद पौडेल र प्याट्रिक सुवेदीको निर्माण रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद लेखन छ ।

# अबको फिल्म क्षेत्र हाँक्ने अनुहार हुन् समीर ?

काठमाडौं/भनिन्छ, 'हरेक १० वर्षमा फिल्म क्षेत्रले नयाँ अनुहार खोज्छ ।' नेपाली फिल्म क्षेत्रमा यो देखिएको पनि छ । राजेश हमाल, भुवन केसी, शिव श्रेष्ठको उदय भएको लगभग १० वर्षपछि निखिल उप्रेती, विराज भट्ट जस्ता एक्सन नायक जन्मिए । त्यसको १० वर्षपछि राजबल्लभ कोइराला, आर्यन सिग्देल, जीवन लुइँटेलको उदय भयो । यो पुस्तापछि आएका सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, अनमोल केसी, प्रदीप खड्काको करिअरले पनि १० वर्षको अवधि पूरा गरि सकेको छ ।



अब फिल्म क्षेत्र हाँक्ने अनुहार को हुन्छ भन्ने चासो बढिरहेको समयमा कुनै बेला एक्सन फिल्ममा निर्विकल्प मानिएका विराजका छोरा समीर भट्टको फिल्म '१२ गाउँ'बाट जबर्जस्त रुपमा उदय भएको छ । दशैंको फूलपाती (असोज २४ गते)बाट प्रदर्शनमा आएको फिल्मले बक्स अफिसमा सुनामी व्यापार गरिरहँदा समीरको चर्चा उत्कर्षमा छ । उनलाई अबको फिल्म क्षेत्र हाँक्ने नायकको रुपमा समेत चित्रण गर्न थालिएको छ ।

'१२ गाउँ' यस वर्षको 'ब्लकबस्टर' फिल्म भैसकेको छ । फिल्म सफल हुनुमा समीरको क्रेज महत्त्वपूर्ण मानिएको छ । रिलिजपूर्व नै उनलाई लिएर दर्शकमा उत्साह देखिएको थियो । फिल्म रिलिजपछि पनि त्यो उत्साह बरकरार रह्यो । उनलाई हेर्नकै लागि हलमा पुग्ने युवापुस्ताको ताँती ठूलो देखिएको छ । र, उनको एक्सन, भ्वाइस, नृत्य र सिक्स प्याक शरीरलाई दर्शकले रुचाएका छन् ।

पहिलो फिल्म नै 'ब्लकबस्टर' भएकाले सम्भवतः अब समीरले केही वर्ष करिअर फर्केर हेर्नुपर्ने अवस्था नआउन सक्छ । उनको माग चुलिन थालिसकेको छ । त्यसो त समीरको पहिलो फोटो बाहिरिएदेखि नै धेरै मेकरहरु उनलाई लिएर फिल्म बनाउन इच्छुक देखिएका थिए । कतिपय भने '१२ गाउँ'को व्यापारिक नतिजा र समीरको काम हेरेपछि मात्र निर्णय लिने सोचमा थिए । अब उनलाई लिएर फिल्म बनाउन मेकरहरुलाई समस्या देखिँदैन । पहिलो फिल्मबाटै समीरले विधागत रुपमा आफ्नो कित्ताकाँट गरिसकेका छन् । पिताले झैँ उनले एक्सन बाटो नै रोजेका छन् । र, '१२ गाउँ'बाट दर्शकले उनलाई 'एक्सन नायक'को रुपमा अनुमोदन पनि गरिसकेका छन् । करिब एक दशकदेखि एक्सन फिल्म र एक्सन हिरोको अभावलाई अब समीरले केही हदसम्म परिपूर्ति गर्न सक्ने देखिन्छ । उनको आगमनले अब एक्सन फिल्मको लहर आउन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । यसैले समीरलाई लिएर फिल्म क्षेत्रले ठूलो अपेक्षा राखेको छ ।

'१२ गाउँ'मा काम गर्नुभन्दा अगाडि नै समीरले निर्देशक तथा निर्माता सन्तोष सेनको फिल्म 'बलिदान' सम्झौता गरेका थिए । पहिला यही फिल्मलाई रिलिज गर्ने तयारी थियो । तर, निर्माणमा ढिलाई हुँदा '१२ गाउँ'बाट समीरको डेब्यु भयो । यो फिल्मको सफलताले 'बलिदान'लाई पनि ठूलो फाइदा पुग्ने निश्चित छ । अब 'बलिदान' पनि सफल भएको खण्डमा समीरको युग सुरु हुनसक्छ ।

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- बालश्रम बाल विवाह रोकौं
- बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
- स्वास्थ्य संस्थामा बच्चालाई समयमै नियमित रूपमा लगाउनुपर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
- खानेपानीका मुहान, संरचनाहरू सफा र सुरक्षित राखौं ।
- आगलागी तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- पालिका भित्र सञ्चालन हुने सबै प्रकारका व्यपार, व्यवसाय पालिकामा दर्ता गरी सञ्चालन गरौं ।
- आ आफ्नो घरवरिपरि आफैं सफा सुग्घर राखौं ।
- प्रत्येक घरधुरी, संघसंस्था र सार्वजनिक स्थानहरूमा चर्पी निर्माण गरी चर्पीमा मात्र दिशापिसाब गरौं ।
- घरेलु हिंसाविरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- लागु औषध तथा दुर्व्यसनीबाट बचौं र बचाऔं ।

विकास निर्माण कार्यमा जनसहभागितामा जुटाऔं ।

बकैया गाउँपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर

जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

कैलाश गाउँपालिकाको कार्यालय
कैलाश मकवानपुर

जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

राक्सिराङ्ग गाउँपालिकाको कार्यालय
कैलाश मकवानपुर

बाल बिवाह अन्त्यका लागि सहकार्य गरौं ।

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

बाल बिवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

मकवानपुरगढी गाउँपालिकाको कार्यालय
मनहरी, मकवानपुर

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा-कुलेखानी-काठमाडौं सडक दुई तर्फी खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ हेटौंडा-कुलेखानी-काठमाडौं सडक खण्ड मर्मतसम्भारका लागि तीन दिनसम्म बन्द गरेर सोमबारदेखि दुईतर्फी सञ्चालनमा ल्याइको छ ।

यसअघि यस सडक खण्डबाट सवारीसाधन आवतजावत एकतर्फी मात्रै गरिएको थियो । जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार इन्द्रसरोवर गाउँपालिका-२ स्थित सिमखोलामा बनाइएको डाइभर्सनमा थप अर्को ट्र्याक खोल्न काम सकिएपछि उक्त सडक खण्ड दुईतर्फी खोलिएको हो । यसअघि उक्त सडक खण्डा भएर हेटौंडाबाट-काठमाडौं जाने सवारी साधनलाई रोक लगाइएको थियो । काठमाडौं बाट-हेटौंडा आउने सवारी साधनलाई सञ्चालन अनुमति दिइएको थियो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले सिमखोलामा बनाइएको डाइभर्सनमा थप अर्को ट्र्याक खोल्ने प्रयोजनका लागि बन्द गरिएको सडक खण्ड काम सकिएपछि खोलिएको जानकारी दिए । उनले सिमखोलामा निर्माण गरिएको डाइभर्सनमा थप अर्को ट्र्याक खोलेसँगै सवारीसाधन आवतजावतमा सहज हुने बताए ।

चाडपर्वमा उक्त मार्ग भएर गुड्ने सवारीको चाप धान्न कठिन भएपछि जिल्ला प्रशासन कार्यालयको विशेष अनुरोधमा प्रदेश सरकार र सडक डिभिजन कार्यालयले सिमखोलामा ह्युमपाइप राखेर थप अर्को ट्र्याक खोलेको हो ।

हेटौंडा-भैंसे-भीमफेदी-कुलेखानी सडक खण्ड एकतर्फी सञ्चालनमा आएपछि त्रिभुवन राजपथ र कान्ति लोकपथमा सवारी साधनको चाप बढेको थियो । मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले हेटौंडाबाट काठमाडौं जोड्न सबै मार्ग सञ्चालनमा आएकाले अब यात्रामा सहजता हुने बताए ।

# बागमतीमा आगामी ३ दिन चट्याङसहित वर्षाको सम्भावना

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ बागमती प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आइतबार साँझ आगामी ३ दिनको मौसमी बुलेटिन निकाल्दै बागमतीसहित लुम्बिनी प्रदेशका केही पहाडी क्षेत्रमा वर्षाको सम्भावना रहेको उल्लेख गरेको हो । बागमतीको पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको समेत सम्भावना रहेकोले कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्न सक्ने हुनाले आवश्यक सतर्कता अपनाउनु आग्रह गरेको हो ।

महाशाखाका अनुसार हाल देशभर पश्चिमी वायुको प्रभाव रहनुका साथै स्थानीय वायुको पनि आंशिक प्रभाव रहेकोले देशको पहाडी भू-भागमा आंशिक देखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहेको पाइएको छ । बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङ सहित हल्का देखि मध्यम वर्षा भईरहेको पनि महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार आइतबार राति लुम्बिनी प्रदेश लगायत देशका पहाडी भू-भागमा आंशिक देखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदली देखि मौसम मुख्यतया सफा रहने छ ।

# थाहामा विपद्बाट एक करोड बढी मुल्यको तरकारीबालीमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा गत असोजको ११ र १२ गतेको वर्षाका कारण आएको बाढीपहिरोले एक करोड रुपैयाँभन्दा बढीको तरकारीबालीमा क्षति पुऱ्याएको छ ।

बेमौसमी तरकारी खेतीका लागि पहिचान बनाएको थाहाका १ नम्बरदेखि ८ नम्बर वडासम्मका कृषकका तरकारीबाली नष्ट भएको हो ।

तरकारी खेतीमा बाढी र पहिरोले थाहाका ८ वटा वडाका ३ सय ७२ रोपनी जग्गाको तरकारीबाली नष्ट गरेको थाहा नगरपालिका कृषि शाखाका प्रमुख सन्जय तिवारीले बताए । उनका अनुसार सबैभन्दा बढी क्षति थाहा-३ नम्बर वडाका कृषकहरुको तरकारीबालीमा पुगेको छ ।

बाढीपहिरोले ९८ रोपनी जग्गामा लगाएको काउली, भेडे खुर्सानी र अकबरे खुर्सानी नष्ट गरेको तिवारीले जानकारी दिए । थाहा नगरपालिकाको कृषि शाखाको तथ्यांकअनुसार बाढी पहिरोले १ नम्बर वडामा ८० रोपनी,२ मा ९७ रोपनी, ३ मा ९८ रोपनी, ४ मा २४ रोपनी, ५ मा २६ रोपनी, ६ नम्बर वडामा १७ रोपनी, ७ नम्बर वडामा १० रोपनी र ८ नम्बर वडामा २१ रोपनी जग्गामा लगाएको तरकारीबाली नष्ट गरेको छ । यी ८ वटा वडाका कृषकहरुको खेतबारीमा काउली, भेडे खुर्सानी र अकवरे लगाइएको थियो ।

असोजको दोस्रो सातादेखि तरकारी बिक्री हुने अवस्थाका थिए । बाढीपहिरोबाट थाहा नगरपालिका करिब २ सय तरकारी उत्पादक कृषकहरुले क्षति ब्यहोरेका छन् । नगरपालिकामा बाढी पहिरोबाट १ करोड २ लाख मूल्यबराबर तरकारीमा क्षति पुगेको कृषि शाखाको तथ्यांकमा उल्लेख छ । स्थानीय, प्रदेश र संघीय सरकारबाट राहत पाउने आशा रहेको पीडित कृषकहरुको भनाइ छ ।

# विपद् प्रभावित क्षेत्रको अवलोकनमा मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ असोज १० देखि १४ गतेसम्म परेको वर्षाका कारण आएको बाढीपहिरोले निम्त्याएको अवस्था नियाल्न बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामा अवलोकनमै जुटेका छन् ।

आइतबार एकाबिहानै ललितपुरको महालक्ष्मी नगर पालिकाको इमाडोल क्षेत्रमा मुख्यमन्त्री लामा प्रदेशसभाका सांसदहरु र पार्टीका नेताहरुसँग पुगे । बाढीको २३ दिनपछि मुख्यमन्त्री दलबलसहित प्रभावित क्षेत्रमा आएका लामाले बालकुमारीको सनराइज होम्स हाउजिङबाट सुरु अवलोकन सुरु गर्दै च्यासल रंगशाला, इमाडोल क्षेत्र, नख्खु र लाकुरीभञ्ज्याङसम्म अवलोकन गरेका थिए ।

मुख्यमन्त्री लामालाई नेपाली कांग्रेसको ललितपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ समितिले ज्ञापनपत्र बुझाउने कार्यक्रम समेत राखेको थियो । राहत, पुनःस्थापना, पुननिर्माणका बिषयलाई सम्बोधन गर्न माग गर्दै बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै लामाले कार्यविधि बनाएर राहत वितरण गर्ने बताएका थिए । मुख्यमन्त्री लामाले सबै जिल्लाबाट भौतिक र मानवीय क्षतिको विवरण प्राप्त भएपछि तथ्यांक अनुसार आवश्यक सहयोग उपलब्ध गराउने बताए ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा प्रदेश सांसद रामकृष्ण चित्रकार, नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका सचेतक गोविन्दप्रसाद लम्साल सहित कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । ललितपुर क्षेत्र नं.२ का सभापति महेश खड्काले महालक्ष्मीका १० वटै वडा र ललितपुर महानगरको ७, ८, ९ र १७ अत्यन्तै प्रभावित भएकाले विपदग्रस्त पालिका घोषणा गर्न आग्रह गरे ।

# मुस्लिम संघ मकवानपुर र चितवनको संयुक्त प्रशिक्षण सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ नेपाल मुस्लिम संघ चितवन र मकवानपुर जिल्लाको संयुक्त रुपमा हेटौंडामा भेला एवं प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । भेलामा चितवन र मकवानपुरका तीनसय बढी मुस्लिम समुदायका राजनीतिक अगुवाहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नेपाली मुस्लिम संघका पूर्व अध्यक्ष अब्दुल सतारको प्रमुख आतिथ्यता रहेको थियो । उनले प्रशिक्षण कार्यक्रममा बोल्दै कांग्रेसको चार तारे झण्डा मुनि मुस्लिम समुदायले फुल्ने, फल्ने र झांगिने अवसर पाउने बताए ।

नेपालमा विगतदेखि नै कांग्रेस मात्रै एउटा समावेशी चरित्रको पार्टी भएकाले मुस्लिम समुदायले कांग्रेस मार्फत नै आफ्ना एजेन्डाहरुलाई स्थापित गर्न सक्ने उनको दावी थियो । केन्द्रीय सदस्य सतारले मुस्लिम समुदायका मानिसहरु पनि अबदेखि राजनीतिक रुपमा प्रशिक्षित हुनुपर्नेमा जोड दिए ।

मुस्लिम संघ मकवानपुरका अध्यक्ष खलिल मियाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली मुस्लिम संघका केन्द्रीय अध्यक्ष डा. अताबुल मन्सुर, उपाध्यक्ष मोहम्मद सहबुद्धिन, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्व पार्टी सभापति र घुरमण न्यौपाने, मकवानपुर कांग्रेसका प्रवक्ता अर्जुन चौलागाईं, हेटौडा ८ नम्बर वडाका अध्यक्ष राम थापा लगाएतको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशबाट चालकलाई डिजिटल चिट दिने प्रणाली सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ देशका सात प्रदेशमध्ये बागमती प्रदेशबाट ट्राफिक नियम उल्लंघन गरेमा सवारी चालकलाई ई-चलान (डिजिटल चिट) दिने प्रणालीको सुरुवात गरिएको छ ।

तत्काललाई काठमाडौं उपत्यकामा कार्यान्वयन हुने गरी आइतबार उपत्यका ट्राफिक प्रहरी कार्यालयमा आयोजना गरिएको एक कार्यक्रमका बिच नयाँ प्रणालीको उद्घाटन गरिएको हो । गृहमन्त्री रमेश लेखक, बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले उक्त प्रणालीको उद्घाटन गरेका हुन् ।

यसरी जारी भएको चिटमा उल्लेखित जरिवाना रकम सवारी चालकहरुले डिजिटल पेमेन्ट वालेटमार्फत तत्काल भुक्तानी दिन पनि सकिने ट्राफिक प्रहरीले जनाएको छ ।

पहिलो चरणमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा डिजिटल चिट व्यवस्था कार्यान्वयनमा हुने भएको हो । डिजिटल चिट काट्नका लागि ट्राफिक प्रहरीलाई छुट्टै डिभाइस उपलब्ध गराइएको छ ।

ट्राफिक प्रहरीले 'इ-चलान डिजिटल' एपमार्फत सडक नियम उल्लंघन गर्ने चालकको मोबाइलमा देखिने उक्त क्युआर कोड स्क्यान गरेर कारबाहीको विवरण प्रविष्ट गर्नेछन् ।

लगत्तै नागरिक एपमा ट्राफिक नियम उल्लंघन कोलममा कसुर र जरिवाना रकमसहितको 'डिजिटल चिट'को विवरण र जरिवाना भुक्तानी गर्ने माध्यम देखाउने व्यवस्था गरिएको छ । यसबाट सवारी चालकले तत्कालै 'डिजिटल वालेट'मार्फत जरिवाना रकम भुक्तानी गर्न सक्नेछन् ।

# रकाठमाडौंबाट गरगहना चोरीमा हेटौंडाका युवकसहित ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ कात्तिक/ काठमाडौं मलबाट गत ३० असोजमा गरगहना चोरी गरेको घटना आरोपित ६ जनाको समूहलाई प्रहरीले पक्राउ गरेको छ । जसमध्ये एक जना हेटौंडा उपमहानगरपालिका घर भएका युवक पनि रहेको प्रहरीले जनाएको छ ।

अर्घाखाँची घर भई हाल कीर्तिपुर हलचोक बस्ने सीता पौडेलको काठमाडौं मलबाट सुनका गरगहनालगायतको धनमाल चोरी भएको थियो । प्रहरीले घटनामा संलग्न रहेको आरोपमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१९ घर भई हाल ढुंगेअड्डा बस्ने २५ वर्षीय ओखरे भन्ने सुरज श्रेष्ठ, मोरङको बेलबारी नपा-६ का २९ वर्षका गोविन्द परियार, डोटीको दिपायल सिलगडीका सुरेश नेपाली, धादिङ निलकण्ठ नपाका निशान ढुंगाना, सोही स्थानकी गिता ढुंगाना र श्याम बहादुर सुनारलाई पक्राउ गरेको हो ।

उनीहरुबाट प्रहरीले स्वरुप परिवर्तन भएको अवस्थामा रहेको सुन ३९.४४ ग्राम, चोरी भएको सामसुङ कम्पनीको मोबाइल तथा निजहरुले प्रयोग गर्ने मोबाइल थान-६ र नगद १ लाख २० हजार रुपैयाँ बरामद गरेको जनाएको छ । घटनाको अनुसन्धानका क्रममा उक्त घटनामा संलग्न ६ जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले असोज ३ गते काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको जनाइएको छ । उनीहरुलाई थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- बालश्रम बाल विवाह रोकौं
- बालबालिकाको पालन पोषण र शिक्षामा लगानी गरौं ।
- स्वास्थ्य संस्थामा बच्चालाई समयमै नियमित रुपमा लगाउनुपर्ने खोपहरू लगाई बाल मृत्युदर घटाऔं ।
- खानेपानीका मुहान, संरचनाहरू सफा रसुरक्षित राखौं ।
- आगलागी तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोमा सावधानी अपनाऔं ।
- पालिका भित्र सञ्चालन हुने सवै प्रकारका व्यपार, व्यवसाय पालिकामा दर्ता गरी सञ्चालन गरौं ।
- आ आफ्नो घरवरिपरि आफै सफा सुग्घर राखौं ।
- प्रत्येक घरधुरी, संघसंस्था र सार्वजनिक स्थानहरूमा चर्पी निर्माण गरी चर्पीमा मात्र दिशापिसाब गरौं ।
- घरेलु हिंसाविरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौ ।
- लागु औषध तथा दुर्व्यसनीबाट बचौं र बचाऔं ।

विकास निर्माण कार्यमा जनसहभागितामा जुटाऔं ।

मनहरी गाउँपालिकाको कार्यालय
रजैया, मकवानपुर

विपदको समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं



- क्लोरीन झोल वा ट्याबलेट हालेर वा उमालेर पानीलाई शुद्धिकरण गरेको पानी मात्र पिऔं ।
- शुद्धिकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राखौं ।
- पानी निकाल्ने भाँडा सधैं सफा राखौं ।
- सडेगलेका, बासी र झिंगा भन्केका खाने कुराहरु नखाऔं ।
- काँक्रो, गाँजर, फलफूल जस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर खाने गरौं ।



- खाना पकाउनुअघि, खाना खानुअघि, बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि र बच्चाको दिसा धोएपछि सधैं साबुनपानीले मिचिमिचि हात धोऔं ।
- जथाभावी दिसा पिसाब नगरौं र नगराऔं ।
- चर्पीमा मात्र दिसा पिसाब गर्ने गरौं र बच्चाको दिसालाई पनि चर्पीमा नै बिसर्जन गरौं ।



- फोहरलाई सधैं निश्चित ठाउँमा सहि तरीकाले व्यवस्थापन गरौं ।
- खोक्दा, हाच्छयूँ गर्दा सफा कपडाले नाक मुख छोप्ने गरौं ।
- झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा खोकी तथा टाईफाइडका लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड
हेटौंडा, मकवानपुर

हार्दिक समवेदना



जन्मः २०२३/१/१३
स्वर्गारोहणः २०८१/६/२९
स्व. रुपकराज बज्राचार्य

यस महाविहारका अध्यक्ष **रुपकराज बज्राचार्य**को देहावसान भएको आज ७ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामनासहित श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रज्ञा महाविहार, परिवार**
हेटौंडा-१, चौकीटोल

हार्दिक समवेदना



जन्मः २०२३/१/१३
स्वर्गारोहणः २०८१/६/२९
स्व. रुपकराज बज्राचार्य

हाम्रा आत्मीय मित्र **रुपकराज बज्राचार्य**को देहावसान भएको आज ७ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामनासहित श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्याम कृष्ण मानन्धर**
हेटौंडा-२, पिपलबोट

**भरत कृष्ण श्रेष्ठ**
**श्रेष्ठ होटल**
हेटौंडा-१, मेनरोड

बाल बिवाह अन्त्यका लागि सहकार्य गरौं ।

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्न/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौ ।

बाल बिवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

भीमफेदी गाउँपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना